जयपृथ्वी नगरपालिका

# दलित विकास समिति गठन र कार्य संचालन

# कार्यविधि, २०७९

जयपृथ्वी नगरपालिका चैनपुर, बझाङ

सुदूरपश्चिम प्रदेश, नेपाल

**नगर कार्यपालिकावाट स्वीकृत मितिः २०७९।०६।०८**

जयपृथ्वी नगरपालिकाको **"दलित विकास समिति गठन र कार्य सञ्चालन कार्यविधि २०७९"**

**प्रस्तावनाः** नेपालको संविधानको प्रस्तावनामा उल्लेखित जातिय विभेद अन्त्य गरी समतामुलक समाज निर्माण गर्ने भन्ने प्रावधान एवम् स्थानीय सकार सञ्चालन ऐन, २०७४ को दफा ११ (च) मा उल्लेखित सामाजिक सुरक्षा र गरिबी निवारण गर्ने भन्ने उदेश्य बमोजिम एक दलित विकास समिति गठन गरी दलितको उत्थान र विकास गर्न आवश्यक देखिएकोले उक्त समिति गठन गर्न एक कार्यविधि निर्माण गरी लागु गर्न वान्छनीय भएकोले जयपृथ्वी नगरपालिकाले यो कार्यविधि निर्माण गरी लागु गरेको छ ।

## परिच्छद-१

## प्रारम्भिकः

१. (१) **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधको नाम "दलित विकास समिति गठन र सञ्चालन कार्यविधि, २०७९" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**"दलित"** भन्नाले नेपालको संविधान र प्रचलित कनुन बमोजिम दलितको सूचीमा सूचीकृत जाति सम्झिनुपर्छ ।

**"समिति"** भन्नाले नगरपालिकाद्वारा गठित दलित विकास समिति सम्झिनुपर्छ।

**"अध्यक्ष"** भन्नाले समितिको अध्यक्ष सम्झिनुपर्छ ।

**"उपाध्यक्ष"** भन्नाले समितिको उपाध्यक्ष सम्झिनुपर्छ ।

**"सदस्य"** भन्नाले समितिको सदस्य सम्झिनुपर्छ र सो शब्दले अध्यक्ष तथा उपाध्यक्षलाई समेत जनाउनेछ ।

**"कर्मचारी"** भन्नाले दलित विकास समितिको कर्मचारी सम्झिनुर्छ ।

## परिच्छेद-२

## समितिको गठनः

३. (१) नगर कार्यपालिकाले तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरु रहेको एक, सात सदस्यीय समिति गठन गर्नेछ ।

(क) अध्यक्ष - १ जना

(ख) उपाध्यक्ष - १ जना

(ग) सदस्य - एक महिला सहित ५ जना

(२) मनोनित पदाधिकारी र सदस्यको कार्यकाल ३ वर्षको हुनेछ र कार्यकाल सकिएपछि कुनै पदाधिकारी वा सदस्यलाई पुनः नियुक्ति गर्न पनि सकिनेछ ।तर तीन वर्ष अगाबै कसैलाई हटाइने छैन ।

(३) नगर कार्यपालिकाका दलित प्रतिनिधिहरु यो समितिका सल्लाहाकार हुनेछन र बजेट विनियोजन गर्ने बैठकमा उनीहरुलाई अनिवार्य रुपमा आमन्त्रित गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## सदस्यको योग्यताः

४. दलित विकास समितिमा मनोनित हुने सदस्यहरुको योग्यता तपशिल बमोजिम हुनेछ ।

(क) नेपालको नागरिक

(ख) १८ वर्ष उमेर पुरा भएको

(ग) सम्बन्धित नगरपालिकामा कुनै आर्थिक स्वार्थ वा तिर्नु बुझाउनु नरहेको

(घ) कुनै कानुनले अयोग्य नभएको

## परिच्छेद-४

## समितिको काम, कर्तव्य र अधिकारः

५. दलित विकास समितिको काम, कर्तव्य र अधिकार तपशिल बमोजिम हुनेछ ।

(१) नगरपालिका भित्रका दलित समुदायको तथ्यांक संकलन गर्ने ।

(२) दलित वर्गको विकासका लागि सिपमुलक, आयमुलक, रोजगारमुलक र आत्म निर्भर हुने खालका कार्यक्रम संचालन गर्ने।

(३) दलित वर्ग माथि पर्न गएको अन्याय, अत्याचार र छुवाछुत विरुद्ध आवाज उठाउने र सम्बन्धित निकायमा आवश्यक कारवाही गर्ने गराउने ।

(४) दलित वर्गको धर्म, सांस्कृति र परम्पराको संरक्षण र सम्वर्द्धन गर्ने ।

(५) दलित वर्गको हकहित संरक्षण, उत्थान र विकासको लागि अन्य सबै खालका क्रियाकलाप गर्ने ।

(६) दलित युवा युवतीको लागि रोजगारमुलक कार्यक्रमहरु संचालन गरी गरिवी निवारण गर्न प्रयत्नशिल रहने ।

**परिच्छेद-५**

**अध्यक्षको काम, कर्तव्य र अधिकारः**

६. समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार तपशिल बमोजिम हुनेछ ।

(१) समितिको अध्यक्ष भई नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

(२) बैठकककको अध्यक्षता गर्ने ।

(३) सात दिन सम्मको काज आफै स्वीकृत गर्ने ।

(४) सदस्य तथा कर्मचारीलाई काजमा खटाउने ।

(५) मत बराबर भए निर्णायक मत दिने ।

(६) समितिको तर्फबाट गर्नु पर्ने अन्य सबै काम गर्ने ।

**उपाध्यक्षको काम, कर्तव्य र अधिकार तपशिल बमोजिम हुनेछ ।**

(१) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्ष भई काम गर्ने ।

(२) समिति र अध्यक्षले प्रत्यायोजन गरेको अन्य कार्य गर्ने ।

**परिच्छेद-६**

**समितिको कोष र आर्थिक प्रणालीः**

७. दलित विकास समितिको एक छुट्टै कोष रहनेछ । जसमा तपशिल बमोजिमका रकम रहनेछन ।

(१) नगरपालिकाबाट कार्यक्रमको लागि प्राप्त अनुदान ।

(२) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान ।

(३) कुनै राष्ट्रिय, अन्तराष्ट्रिय, संघ/संस्थाबाट प्राप्त सहयोग ।

(४) कुनै आयआर्जन क्रियाकलापबाट प्राप्त रकम ।

(घ) अन्य कुनै व्यक्ति वा संस्थाबाट प्राप्त दान दातव्य ।

## परिच्छेद-७
## बैठक र कार्य प्रणालीः

८. (१) अध्यक्षको निर्देशनमा समितिको निर्देशकले बैठक बोलाउनेछ ।

(२) पचास प्रतिशत गणपुरक संख्या उपस्थित भएमा बैठक बस्नेछ ।

(३) बैठकको कार्यविधि समितिले आफै निर्धारण गर्ने छ ।

(४) निर्णय सर्वसमितिले हुनेछ तर सर्वसमिति हुन नसकेमा बहुमतको निर्णय अन्तिम हुनेछ ।

(५) समितिका सदस्यले नगरपालिकाका सदस्य सरह बैठक भत्ता पाउनेछन ।

(६) निर्णय प्रमाणित समितिको अध्यक्षले गर्नेछ ।

## परिच्छद-८
## कर्मचारी सम्बन्धी व्यवस्थाः

९. (१) समितिको एक कार्यालय रहने छ। जसमा तपशिल बमोजिमका कर्मचारी रहनेछन ।

(क) नेपाल निजामति सेवा ऐनको ना.सु. सरहको एक जना निर्देशक ।

(ख) खरिदार वा सह लेखापाल एक जना ।

(ग) कार्यालय सहयोगी एक जना ।

(घ) कर्मचारीको नियुक्ति अध्यक्षको प्रस्तावमा समितिले गर्नेछ ।

(ङ) कर्मचारीको पारिश्रमिक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(च) कर्मचारीहरुले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही कामकाज गर्नु पर्नेछ ।

(छ) निर्देशकले समितिको सदस्य सचिव भै काम गर्नेछ ।

## परिच्छेद-९
## विविधः

१०. (१) नगरपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) समितिको लेखा प्रणाली नगरपालिकाले तोके बमोजिमको हुनेछ ।

(३) कार्यविधिमा उल्लेख नभएको कुनै कार्य गर्नु परेमा समितिले निर्णय गरी गर्न सक्नेछ ।

(४) समितिले गरेका कार्यहरुको अनुगमन र निरिक्षण नगर कार्यपालिकाका दलित सदस्यहरुले पनि गर्नेछन ।

(५) समितिको एक छुट्टै छाप हुनेछ ।

(६) समितिका पदाधिकारी र सदस्यहरुले नगर प्रमुख समक्ष पद तथा गोपनियताको शपथ ग्रहण गर्नेछन ।

(७) राजीनामा दिनु परेमा समितिका सदस्यहरुले अध्यक्ष समक्ष र अध्यक्षले नगर प्रमुख समक्ष दिनु पर्नेछ ।